पद : प्रमुख प्रशासकिय अधिकृत

स्वकृित गर्ने
हस्ताक्षर :
नाम : अब्दुल बारीक शेष
पद : गा.पा.अध्यक्ष

Scanned with CamScanner

अनुसूचि ७ (ङ)

**जनकनन्दिनी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय खजुरी धनुषा**
**प्रस्तावित कार्यक्रमहरुको विवरण**
**आ.व. २०७७/०७८**

संकेत नं./विषयगत शिर्षक : सि.नं. ३४ आन्तरिक श्रोतको चालु तर्फ विनियोजित वजेट विवरण    कार्यक्रम शिर्षक : युवा, खेलकुद तथा अपाङ, दलित एवं मुस्लिम प्रवर्द्धन कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित वजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दलित, मुस्लिम, पिछडिएका विपन्न वालवालिकाहरुलाई न्यानो स्विटर वितरण कार्यक्रम | जनक नन्दिनी गाउँपालिका वडा नं. १ देखि वडा नं. ६ सम्म | ५००,००० | |
| २ | अध्यक्षकप खेलकुद प्रतियोगिता | जनक नन्दिनी गाउँपालिका | १,०००,००० | |
| ३ | अपाङ्गमैत्री स्थानीय शासन कार्यक्रम | जनक नन्दिनी गाउँपालिका | ५००,००० | |
| ४ | आ.व. २०७६।०७७ मा भुक्तानी हुन बाकी १८ नं. भुक्तानी | जनक नन्दिनी गाउँपालिका | ६,५४०,००० | |
| | जम्मा | | ८,५४०,००० | |

अनुसुचि ७ च

# जनकनन्दिनी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय खजुरी धनुषा
## प्रस्तावित कार्यक्रमहरुको विवरण
### आ.व.२०७७/०७८

संकेत नं./विषयगत शिर्षक : सि.नं. ३४ राजश्व बाडफाँडको चालु तर्फ विनियोजित वजेट विवरण

कार्यक्रम शिर्षक : महिला तथा बालवालिका तथा समपुरक कोष

| सि.नं. | कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित वजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वालमैत्रि स्थानीय शासन अन्तर्गत वालक्लब गठन, संचालन तथा क्षमता अभिबृद्धि कार्यक्रम संचालन | जनक नन्दिनी गाउँपालिका वडा नं. १ देखि वडा नं. ६ सम्म | ५००००० | |
| २ | उपाध्यक्ष महिला स्वरोजगार कार्यक्रम अन्तर्गत महिलाहरुलाई सिलाई कटाई सम्वन्धि तालिम संचालन | जनक नन्दिनी गाउँपालिका वडा नं. १,५ र ६ | ५००,००० | |
| ३ | उपाध्यक्ष महिला स्वरोजगार कार्यक्रम अन्तर्गत महिलाहरुलाई सिलाई कटाई सम्वन्धि तालिम संचालन | जनक नन्दिनी गाउँपालिका वडा नं. २,३ र ४ | ५००,००० | |
| ४ | अन्य विभिन्न संस्थाहरुसँगको आपसि साझेदारीमा योजना तथा कार्यक्रम संचालन गर्नका लागि लगानी साझेदारी समपुरक कोष (Matching Fund) वापत | जनक नन्दिनी गाउँपालिका | २,०००,००० | |
| ५ | कर्मचारी दरबन्दी सम्बन्धी विस्तृत सर्वेक्षण O & M | जनकनन्दिनी गाउँपालिका | १,५००,००० | |
| | जम्मा | | ५,०००,००० | |

अनुसुचि १०

# जनकनन्दिनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खजुरी, धनुषा
## वडा कार्यालयको प्रस्तावित बार्षिक बजेट विवरण
## आ.व. २०७७/०७८

| क.सं. | खर्च शिर्षक नं. | खर्च शिर्षक | प्रति वडा कार्यालय | ६ वटा वडा कार्यालयको कुल | कैफियत |
|---|---|---|---|---|---|
| १ | २२१११ | पानी तथा बिजुली | ३०००० | १८०००० | |
| २ | २२२११ | इन्धन पदाधिकारी | ५०००० | ३००००० | |
| ३ | २२२१२ | इन्धन कर्मचारी | ५०००० | ३००००० | |
| ४ | २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च (पदाधिकारी) | ५०००० | ६००००० | |
| | | मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च (कर्मचारी) | ५०००० | | |
| ५ | २२३११ | मसलन्द तथा कायालय सामग्री | ८५००० | ५१०००० | |
| ६ | २२७११ | विविध | ८५००० | ५१०००० | |
| | | जम्मा | ४००००० | २४००००० | |

Scanned with CamScanner

## गाउँसभाका महत्वपूर्ण निर्णयहरु

**निर्णय नं. १** जनकनन्दिनी कार्यपालिकाबाट पेश भएको जनकनन्दिनी गाउँपालिकाको आ.व. २०७७/०७८ को नीति, कार्यक्रम अनुसूचि- १ बमोजिम सभाबाट पारित गरियो ।

**निर्णय नं. २** जनकनन्दिनी कार्यपालिकाबाट तयार गरि पेश भएको आर्थिक ऐन २०७७ नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. ३** जनकनन्दिनी कार्यपालिकाबाट तयार गरि पेश भएको विनियोजन ऐन २०७७ नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. ४** जनकनन्दिनी गाउँपालिकाको आ.व. २०७७/०७८ को कुल अनुमानित बजेट रकम रु. ४६,१२,५२,४३४.०४।- को प्रस्तावित आयव्यय अनुमान अनुसूची २ सभाबाट स्वीकृत गरियो।

**निर्णय नं. ५** जनकनन्दिनी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को शिर्षकगत प्रस्तावित व्यय अनुमान गरिएको अनुसूची ३ सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. ६** जनकनन्दिनी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को राजश्व, वाडँफाड, आन्तरिक श्रोत चालु खर्च तर्फ रु १५०,००,००० ।- को कार्यक्रम अनुसूची ४ सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. ७** जनकनन्दिनी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को योजना तथा कार्यक्रमको देहाय बमोजिमका अनुसूचीहरु सभाबाट स्वीकृत गरियो ।

**क)** वित्तीय समानिकरण अनुदान तथा आन्तरिक श्रोतको पूँजीगत खर्च तर्फ अनुमानित कुल रु. २,६९,५०,०००।- गाउँपालिका स्तरिय पूर्वाधार अनुसुचि ५ (क) तथा वडा स्तरिय योजनाका लागि विनियोजित अनुमानित वजेट रकम रु. ८,०८,५०,००० ।- को अनुसूची ५ (ख),

**ख)** सशर्त अनुदान तर्फ विनियोजत रु. १२,७८,००,०००।- लाई संघिय सरकारको निर्देशन बमोजिम शिक्षा, स्वास्थ्य, कृषि, पशु, खेलकुद, प्रधानमन्त्री रोजगार कार्यक्रम, नविकरणिय उर्जा जस्ता शिर्षकमा खर्च गर्न सकिने अनुसूची ६ ।

**ग)** गाउँपालिकाबाट सामाजिक विकासका शाखाहरु तथा गत आ.व. मा भुक्तानी हुन बाँकी रहेका योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि विनियोजित वजेट अनुसूची ७ ।

**घ)** बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन तथा व्यवस्थापन अनुसूची ८ ।.

**ङ)** पूर्वाधार विकास साझेदारी कार्यकमको लीग विनियोजन भएको अनुसूची ९ ।

**च)** वडा कार्यलयको प्रस्तावित बार्षिक बजेट विवरण रकम रु. १०८००००।- अनुसूची १० ।

**निर्णय नं. ८** जनकनन्दिनी गाउँपालिकाआर्थिक वर्ष २०७७/०७८ को बार्षिक खरिद योजना तथा कार्य योजना तयार गरि सो अनुरुप गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ९** नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिलाई पूर्णता दिनको लागि सोहि धाराको उपधारा (२) प्रयोजनार्थ देहाय बंमोजिमका न्यायिक समिति गठन भैसकेको लाई नै निरन्तरता दिई सभाबाट स्वीकृत गरियो ।

१. श्री भारती कार्की संयोजक

२. श्री भोगेन्द्र पाठक सदस्य

३. श्री धर्मेन्द्र कुमार गोइत सदस्य

**निर्णय नं. १०** गाउँ सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम कार्यपालिकाले सिफारिस गरे बमोजिम निम्नानुसारको समितिलाई निरन्तरता दिने सभाबाट निर्णय गरियो ।

**लेखा समिति**

१. संयोजक श्रीभारती कार्की

२. सदस्य श्री विष्णुदेव साह बनिया

३. सदस्य श्री पवित्री देवी

**विधान समिति**

१. संयोजक श्री अशोक मंडल

२. सदस्य श्री विक्रम यादव

३. सदस्य श्री बरतो देवी सदा

४. सदस्य सचिव श्री राम नरेश ठाकुर

५. प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत

**सुशासन समिति**

१. संयोजक श्री भागमुनि बडही

२. सदस्य श्री पशुपति धोवी

३. सदस्य श्री सीता देवी मंडल

**विशेष समिति गठन**

१. संयोजक गाउँपालिका अध्यक्ष

२. सदस्य गाउँपालिका उपाध्यक्ष

३. सदस्य सवै वडाका वडा अध्यक्षहरु

Scanned with CamScanner

४. सदस्य प्रमुख प्रशासकीय अधिकृत

५. सदस्य लेखा प्रमुख

**निर्णय नं. ११** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ बमोजिम जनकनन्दिनी गाउँपालिका क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनको लागि आर्थिक वर्ष २०७७/०७८ को हकमा निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्युनतम दररेट कायम गरि कार्यान्वयन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. १२** गाउँ क्षेत्र भित्रका सडक, सार्वजनिक जग्गा, सार्वजनिक भवन आदि विभिन्न बहानामा अतिक्रमण गर्ने मिच्ने प्रवित्तिका कारणले सार्वजनिक आवतजावत र सार्वजनिक कार्य गर्त कठिनाई हुनुका साथै गाउँको सौन्दर्यतामा समेत प्रतिकुल असर परिरहेको यथार्थतालाई मनन गरि निम्न अनुसार गर्ने निर्णय गरियो ।

क) गाउँ क्षेत्रको सडक, सर्वजनिक जग्गा अतिक्रमण गरेको लाई हटाई त्यस्ता जग्गाहरुको संरक्षणको विशेष व्यवस्था गर्ने ।

ख) ऐलानी, पर्ती जग्गाको लगत तयार गरि संरक्षण गरि गाउँपालिकाबाट त्यस्ता जग्गालाई सार्वजनिक प्रयोगमा ल्याउने ।

ग) सडकको अधिकार क्षेत्र तोकि त्यसको पालना गराउने ।

घ) सार्वजनिक स्थलहरुको लगत तयार गरि संरक्षणको विशेष व्यवस्था मिलाउने ।

ङ) गाउँपालिका क्षेत्रको मठमन्दिर, मस्जिद आदि धार्मिक, साँस्कृतिक, ऐतिहासिक महत्वको सम्पत्ति विवरण तयार गरि त्यस्तो सम्पत्तिको दुरुपयोग हुनबाट रोक्ने । त्यसको संचालक समितिहरुको समय सापेक्ष गठन तथा पुनर्गठन गर्ने ।

**निर्णय नं. १३** गाउँपालिका क्षेत्र भित्र जन स्वास्थ्यमा नकारात्मक असर पर्ने गरि अवस्थित रुपमा पशुपंक्षी तथा माछा मासु बिक्री भई रहेको सम्बन्धमा निम्नानुसार गर्ने ।

क) पशु स्वास्थ्यसँग सम्बन्धित निकाय, मासु व्यवसायहरु, सरोकारवाला सबैको समन्वय, सहकार्य र साझेदारीमा पशुवधशालाको व्यवस्थापन गर्ने निर्णय गरियो ।

ख) मासु व्यवसायलाई व्यवस्थित गर्ने ।

ग) मासु जाँच ऐन नियमको पालना गर्ने गराउने ।

घ) स्वास्थ्य सरसफाई मासु व्यवसायलाई नियमन गर्ने निर्देशिका कार्यविधिहरु बनाई लागु गर्ने ।

ङ) उपभोक्ता अधिकार सम्वन्धि सचेतना कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. १४** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ को उपदफा (२) बमोजिम जनकनन्दिनी गाउँपालिकाबाट सार्वजनिक खरिद नियमावली नबनेसम्म सार्वजनिक खरिद सम्बन्धी नेपाल सरकारको प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्ने सभाबाट निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १५ यस गाउँपालिकाको लागि अन्य निकायबाट लागत सहभागितामा संचालन हुने थप योजना उपलब्ध भएमा गाउँपालिकाबाट रु. २०,००,०००।- बराबरको म्याचिङ फण्ड उपलब्ध गराई योजना कार्यान्वयन गर्ने सभाबाट निर्णय गरियो ।

निर्णय नं. १६ आ.व. २०७७/०७८ का लागि वडा समितिबाट माग भई आएका योजनाहरु मध्ये सभाबाट पारित बजेटमा समावेश नभएका ठुला प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि प्रदेश र संघमा सिफारिस गर्ने सभाबाट निर्णय गरियो ।

निर्णय नं. १७ उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि वडा समितिको सिफारिसमा उपभोक्ता समिति गठन गरी सम्झौताका लागि निश्चित अवधिको सूचना दिने र तोकिएको अवधिमा सम्झौता गर्न नआएमा अन्य व्यवस्थाद्वारा गाउँ कार्यपालिकाबाट योजना कार्यान्वयन गर्ने सभाबाट निर्णय गरियो ।

निर्णय नं. १८ जनकनन्दिनी गाउँपालिकाको आन्तरिक श्रोतलाई व्यवस्थित, भरपर्दो तथा प्रभावकारी बनाउन उद्योगी व्यवसायीहरुको विवरण संकलन, अभिलेखीकरण गर्दै नयाँ आय श्रोतहरुको पहिचान गरी सबै किसिमका व्यापार व्यवसायलाई करको दायरामा ल्याउन राजस्व व्यवस्थापनलाई सशक्त बनाउने सभाबाट निर्णय गरियो ।

निर्णय नं. १९ जनकनन्दिनी गाउँपालिकाको प्रशासकीय संगठन र कर्मचारी दरबन्दी सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम गर्ने । सो बमोजिम नहुँदासम्म यस गाउँपालिकामा साविकदेखि कार्यरत कर्मचारी, अन्य निकायबाट काज खटिएका कर्मचारी र सेवा करारमा कर्मचारी राखी कामकाज सञ्चालन गर्न सभाबाट निर्णय गरियो ।

निर्णय नं. २० जनकनन्दिनी गाउँपालिकाको आ.व. २०७६/०७७ को हालसम्मको निर्णय र सो निर्णय बमोजिम भएको खर्च सभाबाट अनुमोदन गरियो ।

निर्णय नं. २१ गाउँ सभा र गाउँ कार्यपालिका बैठकको हकमा प्रदेश तथा संघिय सरकारको नीती निर्देशन बमोजिम गर्ने र आन्तरीक श्रोत भएमा आन्तरीक श्रोत सहितको बजेटबाट बैठक भत्ता लगायतका पदाधिकारीहरुलाई अन्य सुविधाहरु दिने निर्णय गरियो । साथै आ.व.२०७६।०७७ मा गाउँपालिकाबाट पदाधिकारी तथा कर्मचारीहरुलाई उपलब्ध गराएको बैठकभत्ता वापतको खर्च रकम अनुमोदन गरी नियमित गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ यस जनकनन्दिनी गाउँपालिका अन्तर्गत दैनिक ज्यालादारी, सेवा परामर्श, कन्टेनजेन्सी, करारसेवामा कार्यरत कर्मचारीहरुलाई २०७७ श्रावण १ गते देखि म्याद थप गर्ने सभाबाट निर्णय गरियो ।

निर्णय नं. २३ जनकनन्दिनी गाउँपालिका अन्तर्गतका निर्वाचित जनप्रतिनिधी तथा कर्मचारीहरुको स्वयं, आमा, बुवा, श्रीमति छोराछोरी र पालिकामा कार्यरत कर्मचारीहरु स्वयंको लागि एम्बुलेन्स उपयोग गर्दा सेवा शुल्कमा ५० % छुट दिने सभाबाट निर्णय गरियो ।

निर्णय नं. २४ वडा नं. ३ का वडा अध्यक्ष विष्णुदेव साहको नाउँमा रहेको ज.१.ब.९३३ (अपाचे) मोटरसाईकल थान १ आगजनिमा नष्ट भएको हुँदा प्रहरी मुचुल्का, वडा मुचुल्का र

Scanned with CamScanner

गाउँपालिकाको मिति २०७६/०९/०८ को निर्णयानुसार निजको नाउँमा रहेको मोट्रसाईकल मिन्हा गरी वडा कार्यालयको कामकाज सुचारु गर्न १ थान मोटरसाईकल खरिद गरी उपलब्ध गराउने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. २५** हेलीप्याडको लागि सम्भाव्य जग्गा पहिचान गरी हेलीप्याड निर्माण गर्न रु. ८,००,०००।- बिनियोजन गरी सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं.२६** जनकनन्दिनी गाउँपालिकालाई स्वच्छ सफा बनाउनका लागी गाउँपालिका स्तरीय स्वच्छ वातावरण अभियान कार्यकम संचालन तथा फोहरमैला व्यवस्थापन कार्यकम संकलन गर्ने र फोहरमैला संकलन गरि गाउँपालिकाले तोकेको निश्चित स्थानमा बिसर्जन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७** अर्को व्यवस्था नभएसम्मको लागि गाउँपालिकाद्वारा सञ्चालन हुने तालिम, गोष्ठी तथा सेमिनारमा गरिने खर्चको नर्म्स निम्न अनुसार हुने गरी सभाबाट निर्णय गरियो ।

| क्र.सं. | विवरण | इकाई | अधिकतम खर्च सिमा रु. |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | प्रति दिन | २००० |
| २ | आन्तरिक प्रस्तुतकर्ता | | |
| २.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४००० |
| २.२ | सहायक प्रशिक्षक | प्रति दिन | ३००० |
| २.३ | कार्यपत्र | प्रति एक | १००० |
| ३ | बाहिरी प्रस्तुतकर्ता | | |
| ३.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | ४००० |
| ३.२ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | ३००० |
| ३.३ | कार्यपत्र | प्रति एक | १००० |
| ४ | खाजा खर्च | प्रति जना | २०० |
| ५ | खाना खर्च | प्रति जना | ४०० |
| ६ | सहभागी यातायात खर्च | प्रति जना | ५०० |
| ७ | बाहिरको प्रशिक्षक दै.भ्र.भ. | प्रति दिन | १५०० |
| ८ | वाहिरको प्रशिक्षक यातायात खर्च | | बिल अनुसार |
| ९ | पदपूर्ति समितिको बैठक भत्ता | प्रति दिन | १५०० |
| १० | अर्न्तवार्ता भत्ता अधिकृत स्तर | प्रति दिन | २००० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ११ | " " सहायक स्तर | प्रति दिन | १००० |
| लिखितपरिक्षा र काँपी परीक्षण लोकसेवा (नर्मस) अनुसार | | | |
| १२ | अनुगमन भत्ता अधिकृत स्तर | प्रति दिन | १६०० |
| १३ | " " सहायक स्तर | प्रति दिन | १००० |
| १४ | " " श्रेणीविहीन | प्रति दिन | ७५० |

नोट :- अन्यको हकमा नेपाल सरकारको नियमानुसार हुनेछ ।

**निर्णय नं. २८** बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ बमोजिमका कार्यक्रमहरु संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी बालमैत्री स्थानीय शासनमा जोड दिने निर्णय गरियो ।

**निर्णय नं. २९** गाउँपालिका र अन्तर्गत निकायमा कार्यरत स्थायी, अस्थायी एवं सेवा करारका कर्मचारीहरुलाई नेपाल सरकारले निजामती कर्मचारीहरुलाई उपलब्ध गराए सरह पोषाक भत्ता तथा चाडपर्व खर्च उपलब्ध गराउने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ३०** निम्न व्यक्ति र निजको परिवार वा संस्थालाई जन्म दर्ता र नागरिकता सिफारिश बाहेक गाउँपालिकाबाट उपलब्ध गराउने सम्पुर्ण सेवा सुविधाबाट बंचित गर्न सकिने छ ।

क) विगतमा साविक गा.वि.स.बाट ठेक्का पट्टा लिई नियमानुसार, तिर्नु बुझाउनु पर्ने रकम नबुझाएका व्यक्ति वा संस्था

ख) नियमानुसार गाउँपालिकालाई बुझाउनु पर्ने कर, महसुल आदि नबुझाई वक्यौता राख्ने व्यक्ति वा संस्था

ग) गाउँपालिकाबाट पेश्की लिइ फछ्र्यौट नगरेका व्यक्ति वा संस्था

घ) गाउँपालिकाबाट सरसफाई परिचय पत्र नलिएको व्यक्ति वा संस्था

**निर्णय नं. ३१** यस गाउँ कार्यपालिको कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुलाई उत्प्रेरित गर्दै उच्च मनोबलका साथ कार्य सम्पादन गर्न २०७७ श्रावण देखि लागु हुने गरी खाइपाइ आएको तलबको २५% स्थानीय प्रोत्साहन भत्ता उपलब्ध गराउने तथा आ.व.२०७६।०७७ मा कर्मचारीहरुले प्राप्त गरेको स्थानीय प्रोत्साहन भत्ता वापतको खर्च रकम अनुमोदन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ३२** यस गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये अतिरिक्त समयमा काम गरेका कर्मचारीहरुलाई उत्प्रेरीत गर्न उच्च मनोबलका साथ कार्य सम्पादन गर्नको लागि मिति २०७७ वैशाख देखी मिति २०७८ असार सम्मको नियमानुसार अतिरिक्त भत्ता (ओभर टाईम) उपलब्ध गराउने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ३३** यस गाउँपालिकाको आ.व.२०७५/०७६ तथा आ.व.२०७६/०७७ को आन्तरीक लेखा परिक्षण तथा अन्तीम लेखा परिक्षणबाट औल्याएका विभिन्न किसिमका बेरुजुहरु माथिको लेखा समिति द्वारा पेश गरिएको प्रतिवेदन पारित गरि भएका बेरुजुहरु नियमित तथा फछ्र्यौट गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ३४** साविक गाउँ विकास समितिहरुको लेखापरिक्षण प्रतिवेदन अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की तथा बेरुजु रकम फछ्र्यौट गर्न उच्च प्राथमिकताका साथ कारवाही प्रक्रिया अगाडि बढाउने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ३५** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उपदफा (२) बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराई नियमानुसार पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय नं. ३६** यस गाउँपालिका क्षेत्रभित्र आगजनी जस्ता उच्च जोखिमलाई नियन्त्रण गर्न एक थान वारुणयन्त्र तथा शर्पदंश उपचार केन्द्र उपलब्ध गराईदिन जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरी नेपाल सरकारसँग माग गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ३७** जनकनन्दिनी गाउँपालिकाबाट सञ्चालित पूर्वाधार निर्माण तर्फ उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा कूल लागतको कम्तिमा १० (दश) प्रतिशत धरौटी राखि योजना कार्यन्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३८** जनकनन्दिनी गाउँपालिका अन्तर्गत लैङ्गिक हिंसा निवारण कोष संचालन तथा व्यवस्थापनका लागि रकम रु. ३,००,०००।- विनियोजन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ३९** यस जनकनन्दिनी गाउँपालिकाको आ.व.२०७६।०७७ मा संचालित गाउँपालिका तथा वडा स्तरीय योजनाहरुको अनुगमन मुल्याङ्कन वापत एकमुष्ट रकम रु. २५०००।- का दरले १२ जनालाई तथा यस गाउँपालिकामा संचालित क्वारेन्टाईन तथा हेल्थ डेस्क अनुगमन गर्दाको भत्ता वापत प्रतिपटक अनुगमन रकम रु. १५००।- का दरले १४ वटा अनुगमनको भत्ता रकम ११ जनालाई उपलब्ध गराउने निर्णय सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ४०** विश्वव्यापि रुपमा फैलिइरहेको कोभिड १९ कोरोना भाईरस संक्रमण नियन्त्रण रोकथामका लागि यस गाउँपालिकाको गाउँकार्यपालिका तथा गाउँपालिकाबाट विनियोजित बजेट रकम स्विकृत गर्दै सो बमोजिम भएका खर्चहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१** यस गाउँपालिकाको आ.व.२०७६।०७७ मा संचालित गाउँपालिका तथा वडा स्तरीय योजनाहरु प्रभावकारी रुपले संचालन भईसकेको हुनाले सो बमोजिम भएका भुक्तानीहरु नियमसंगत ढंगले भएको खर्च अनुमोदन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ४२** यस जनकनन्दिनी गाउँपालिकाको आ.व.२०७६।०७७ मा विनियोजित भएका बजेटहरु अन्तर्गतका कार्यक्रमहरु कोरोना भाईरस संक्रमण नियन्त्रण तथा लकडाउनका कारण सिंगो योजनाहरुलाई टुक्रा टुक्रा पारि संचालन कार्यन्वयन स्विकृत गर्दै सो को खर्च रकम अनुमोदन गर्ने सभाबाट निर्णय गरियो । साथै गाउँपालिका तथा वडा कार्यालयहरुबाट कोटेशनमा संचालित योजनाहरु स्विकृत गर्दै सो बमोजिमका खर्चहरु अनुमोदन गर्ने गाउँसभाबाट निर्णय गरियो ।

**निर्णय नं. ४३** यस गाउँपालिका अन्तर्गत खजुरी स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर संचालन व्यवस्थापनका लागि

Scanned with CamScanner

करार न्यूक्त गरिएका अनमी २ (दुई) जनाको म्याद २०७७ श्रावण १ गतेदेखि २०७८ असार मसान्तसम्म थप गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ४४** यस गाउँपालिकामा अपराधिक गतिविधि तथा सामाजिक अपराधलाई प्रत्यक्ष निगरानी गरी न्यूनिकरण गर्नका लागि गाउँपालिका भित्रका प्रमुख सार्वजनिक स्थलहरुमा सि.सि.टि.भि. क्यामेरा जडान गर्न रु. १०,००,०००।- विनियोजन गरी सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. ४५** यस गाउँपालिका भित्रमा गुणस्तरीय प्राविधिक शिक्षाबाट वन्चीत विद्यार्थिहरुलाई आधारभुत कम्प्यूटर तैयारी कक्षा तथा लोक सेवा तयारी कक्षा संचालनका लागि रु. ५,००,०००।- विनियोजन गरि सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. ४६** यस गाउँपालिकाको कार्यालयामा योजना तथा लेखाङ्कनको लागि सुत्र (SUTRA) प्रविधिको प्रयोग व्यवस्थापनका लागि भएको खर्चको अनुमोदन गर्दै चालु आ.व.मा समेत सुत्र प्रविधिको प्रभावकारी प्रयोग तथा अन्तर्गतका वडा कार्यालय एवं अन्य सार्वजनिक निकायहरुमा सुचना प्रविधिको उपकरणहरुको प्रयोग गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ४७** जनकनन्दिनी गाउँपालिका क्षेत्र भित्रका ठेक्का लाग्न बाँकी एवं ठेक्का अवधि समाप्त भएका र हुन लागेका सार्वजनिक पोखरी र हाट बजारहरुको ठेक्का बन्दोवस्त गर्न अघिल्लो वर्षका ठेक्का अंक निर्धारण गरी एवं हालसम्म ठेक्का नलागेको हकमा गाउँ कार्यपालिकाबाट ठेक्काको न्यूनतम अंक निर्धारण गरी पोखरीको हकमा पाँच वर्ष र बजारको हकमा एक वर्षको लागि ठेक्का बन्दोवस्त गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ४८** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ बमोजिम नक्सा पास गर्ने कार्यलाई व्यवस्थित गर्न नक्सा पास सम्बन्धी मापदण्ड तयार नभए सम्मका लागि सोही परिच्छेद एवं नेपाल सरकारबाट जारी भएको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२ अनुसार नक्सापास गर्ने कार्य लाई निरन्तरता दिने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ४९** विगतमा गा.वि.स.का कर्मचारीहरुको तलब सञ्चयकोष तथा विवादित रहेका अन्य विषयहरु सम्बन्धमा स्वीकृत बजेटको परिधिभित्र रही कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी हुने गरी रकम रु. ५,००,०००।- विनियोजन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ५०** जनकनन्दिनी गाउँपालिका अर्न्तगत कार्यरत कर्मचारीहरुको आर्थिक वर्ष २०७७/०७८ को बार्षिक तलबी प्रतिवेदन अनुमोदन गरियो ।

**निर्णय नं. ५१** यस गाउँपालिकाका दैनीक क्रियाकलापहरु प्रभावकारी रुपले संचालन गर्नका लागि आवश्यक प्राविधिक कर्मचारी, सवारीचालक, सह चालक, सरसफाईकर्ता, कार्यालय सहयोगी, गाउँ प्रहरी, बगैंचे, इत्यादी पदमा नियमानुसार सेवा करारमा भर्ना गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ५२** बार्षिकखरिद योजना, संगठन संरचना, कर्मचारी दरवन्दी पदपूर्ति र अन्य विषयमा गाउँसभाबाट स्वीकृत प्रावधान रहेको सो सम्बन्धी कार्यान्वयन गर्न गाउँपालिकालाई

Scanned with CamScanner

अधिकार प्रतियायोजन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ५३** गुरु योजनाहरुको सम्भाव्यता अध्ययन तथा DPR तयार गर्न रु. ५,००,०००।- विनियोजन गरी सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. ५४** यस जनकनन्दिनी गाउँपालिकामा प्रत्येक वडामा रहेको कान्जी हाउसमा निम्नानुसारको दस्तुर लिने निर्णय गरियो ।

तपसिल

१. खसी, बोका, बाखा - प्रतिगोटा रु. २५० ।-
२. गाई, गोरु, भैंसी, सुंगुर - प्रतिगोटा ५०० ।-

**निर्णय नं. ५५** गाउँपालिकाको नियंन्त्रण रहने गरी कार्यालय प्रयोजनको आवश्यक्ता बमोजिम सवारीसाधन खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६** जनकनन्दिनी गाउँपालिका वडा नं. ४ खजुरीको पर्साहा चौरमा गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण गर्न रु. १,०५,००,०००।- विनियोजन गरी यसै आर्थिक वर्षबाट प्रारम्भ गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ५७** विविध अत्यावश्यक कार्यहरु सडक मर्मत, सिचाई, खानेपानी, विद्युत जस्ता कार्यहरु संचालन गर्न आ.व.२०७७/०७८ को योजना तर्जुमा गरी वडा स्तरीय कामको लागि रु. ३ लाख र पालिका स्तरीय कामको लागि अध्यक्ष तथा उपाध्यक्षले रु.५/५ लाख विनियोजित गरी खर्च गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ५८** गरिबि निवारण कोष द्वारा प्रवद्धित विभिन्न कार्यकम तथा आयोजनाहरु मार्फत समुदाय स्तरका समूहलाई उपलब्ध गराएको पुँजी र समूहले गरेको बचतको लागत पालिकाबाट अधावधिक गरी सो रकम रोजगारी सृजना, आय आर्जन र उत्पादन मुलक कार्यमा सहकारी संस्था मार्फद गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ५९** यस गाउँपालिकाको आ.व.२०७६।०७७ मा सुत्रमा प्रविष्ठि नभई भुक्तानी भएका राजश्व तथा अन्य विभिन्न रकमहरु स्वीकृतं गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं.६०** नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाबाट सर्तअनुसारको लागत सहभागिताको आधारमा विकास निर्माणको कार्यहरु संचालन गर्न सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ६१** गाउँसभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ वमोजिम आ.व. २०७५/०७६ तथा २०७६/०७७ को गाउँसभाबाट गठन भएको लेखा समितिले यस गाउँपालिकाको आर्थिक कार्य प्रणाली व्यवस्थित गर्नुका साथै आ.ले.प. एवं म.ले.प. परीक्षणबाट औल्याइएका वेरुजु सम्परिक्षणका लागि कार्य प्रणाली बनाई सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६२** यस जनकनन्दिनी गाउँपालिकाको आ.व.२०७६।०७७ मा यस गाउँपालिकाका विभिन्न समितिहरु द्वारा विभिन्न समयमा बसेका बैठकहरुको निर्णय तथा सो बमोजिम भएका

Scanned with CamScanner

खर्चहरु अनुमोदन गर्ने गाउँसभाबाट निर्णय गरियो ।

**निर्णय नं. ६३** यस जनकनन्दिनी गाउँपालिका अन्तर्गत सार्वजनिक मुद्दा फर्छ्यौट, कानूनि सल्लाह एवं न्यायिक कार्य तथा समिती संचालन एवं व्यवस्थापन प्रयोजनका लागी नियमानुसार खर्च गर्ने गरी रकम रु. १०,००,०००।- विनियोजन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ६४** विश्वव्यापी रुपमा फैलिरहेको नोवल कोरोना भाईरस (कोभिड १९) को संक्रमण रोकथाम न्यूनिकरण गर्नको लागी रु. ८०,००,०००।- विनियोजन गर्ने सभाबाट निर्णय गरियो।

**निर्णय नं. ६५** हाल सम्म प्रप्त भई विनियोजन भएका रकम बाहेक संघ, प्रदेश तथा अन्य कुनै निकायबाट प्राप्त हुने रकमलाई यस जनक नन्दिनी गाउँकार्यपालिकाको बैठकको निर्णयबाट विनियोजन एवं स्विकृत गरि निती, निर्देशन अनुसुचि अनुसार खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६६** जनकनन्दिनी अध्यक्ष कप फुटबल टुर्नामेन्ट संचालन गर्न रु. ७,००,०००।- विनियोजन गर्ने सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. ६७** यस गाउँपालिकामा कर्मचारीको अभावले कामकाज गर्न अति कठिनाई भईरहेकोले कर्मचारी दरबन्दी सम्बन्धी विस्तृत सर्वेक्षण O & M गरि सम्बन्धित सम्पूर्ण निकायमा कर्मचारी माग गरि पदपूर्तीका लागि बजेट रकम रु. १५,००,०००।- विनियोजित गर्ने गाउँसभाबाट निर्णय गरियो ।

**निर्णय नं. ६८** यस जनकनन्दिनी गाउँपालिकाको कार्यालयबाट आ.व.२०७५/०७६ मा विनियोजन भै खर्च भएका श्रेस्ताहरुको आ.ले.प.सम्बन्धी कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाबाट तथा म.ले.प. महालेखा परिक्षकको डोरबाट सम्पन्न हुने गरी सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ६९** नेपाल राष्ट्र बैंक बैङ्गि कार्यालय सरकारी लेखा फाँट वालुवाटार काठमाण्डौंको च.नं. ५१/०७६/०७७ मिति २०७६/१२/०२ को पत्रानुसार कृषि विकास बैंक शाखा कार्यालय खजुरीमा यस जनकनन्दिनी गाउँ कार्यपालिकाको कार्यालय खजुरीमा खाता संचालन सहित सम्पूर्ण आर्थिक कारोवार संचालन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ७०** रुपान्तरण कार्यकमलाई निरन्तरता दिनका लागि गाउँपालिकाबाट बजेट रकम रु.३,५०,०००।- विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७१** स्याफ्रन नेपाललाई समेत पोषण सम्बन्धी कार्यकम गर्नका लागि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ७२** महिला, बालबालिका, दलित, अपाङ्ग, अल्पसंख्यक लगायत सामाजिक सुरक्षामा आवद्ध कार्यकमहरु संचालन गर्ने सभाबाट निर्णय गरियो ।

**निर्णय नं. ७३** यस जनकनन्दिनी गाउँपालिका अध्यक्ष श्री अब्दुल वारिक शेष ज्यूलाई उपचार सहुलियतका लागि रु. ५,००,०००।- बराबरको सहयोग गर्ने सभाबाट निर्णय गरियो ।

Scanned with CamScanner

जनक नन्दिनी गाउँपालिकाको आ.व. २०७७/०७८ को टोल, बस्ती स्तरको योजना तर्जुमादेखि वडा स्तर हुँदै गाउँ स्तरसम्मको योजना तथा बजेट तर्जुमा, नीति निर्माण लगायत चौंथो गाउँ सभा सफलता पूर्वक सम्पन्न गर्ने क्रममा सहभागीता जनाइ अमूल्य योगदान पुर्‍याउनु हुने विभिन्न राजनैतिक दलहरु, विभिन्न समितिका पदाधिकारी, भद्रभलादमी, समाजसेवी, नागरिक समाज, उपभोक्ता, सरकारी गैरसरकारी निकाय, सुरक्षा निकाय, सञ्चारकर्मी एवं गाउँपालिकाका कर्मचारी तथा सम्पूर्ण जनक नन्दिनी गाउँ बासीप्रति हार्दिक धन्यवाद ज्ञापन गरियो ।

यस जनकनन्दिनी गाउँपालिकाको गाउँसभाबाट स्विकृत गरी तपसिलमा उल्लेखित ऐन, नियम तथा निर्णयहरुमा स्वीकृति जनाउने पदाधिकारीहरुको नामथर र दस्तख्त निम्नानुसार छ :

| सि.नं. | पद | पदाधिकारीको नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अब्दुल वारिक शेष | गाउँपालिका | |
| २ | उपाध्यक्ष | श्री भारती कार्की | गाउँपालिका | |
| ३ | वडा अध्यक्ष | श्री धर्मेन्द्र कुमार गोइत | वडा नं. १ | |
| ४ | वडा अध्यक्ष | श्री भोगेन्द्र पाठक | वडा नं. २ | |
| ५ | वडा अध्यक्ष | श्री विष्णुदेव साह बनिया | वडा नं. ३ | |
| ६ | वडा अध्यक्ष | श्री हरिश्चन्द्र कामत केवट | वडा नं. ४ | |
| ७ | वडा अध्यक्ष | श्री अशोक कुमार मण्डल | वडा नं. ५ | |
| ८ | वडा अध्यक्ष | श्री विक्रम यादव | वडा नं. ६ | |
| ९ | दलित महिला सदस्य | श्री अनार देवी सदा | वडा नं. १ | |
| १० | सदस्य | श्री जान महमद | वडा नं. १ | |
| ११ | महिला सदस्य | श्री गंगावती देवी यादव | वडा नं. १ | |
| १२ | सदस्य | श्री उपेन्द्र यादव | वडा नं. १ | |
| १३ | महिला सदस्य | श्री अतिमा खातुन | वडा नं. २ | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ० | सदस्य | श्री विष्णुदेव मरिक | वडा नं. २ | |
| १५ | सदस्य | श्री राम प्रसाद चौधरी | वडा नं. २ | |
| १६ | दलित महिला सदस्य | श्री सुभेलिया खतवे | वडा नं. २ | |
| १७ | सदस्य | श्री उतिम लाल पासवान | वडा नं. ३ | |
| १८ | सदस्य | श्री देव शरण मण्डल | वडा नं. ३ | |
| १९ | महिला सदस्य | श्री पवित्री देवी | वडा नं. ३ | |
| २० | दलित महिला सदस्य | श्री सिता देवी | वडा नं. ३ | |
| २१ | सदस्य | श्री उपेन्द्र कामत केवट | वडा नं. ४ | |
| २२ | सदस्य | श्री परमेश्वर साह तेली | वडा नं. ४ | |
| २३ | महिला सदस्य | श्री वविता राई कुर्मी | वडा नं. ४ | |
| २४ | दलित महिला सदस्य | श्री वरतो देवी सदा | वडा नं. ४ | |
| २५ | सदस्य | श्री इन्द्र कुमार कापर | वडा नं. ५ | |
| २६ | महिला सदस्य | श्री महगी खातुन | वडा नं. ५ | |
| २७ | सदस्य | श्री राम किसुन कामती | वडा नं. ५ | |
| २८ | सदस्य | श्री महेन्द्र सहनी | वडा नं. ६ | |
| २९ | महिला सदस्य | श्री मेनु देवी यादव | वडा नं. ६ | |
| ३० | दलित महिला सदस्य | श्री राम सुनैर देवी | वडा नं. ६ | |
| ३१ | सदस्य | श्री सुकदेव सहनी | वडा नं. ६ | |
| ३२ | दलित/अल्पसंख्यक सदस्य | श्री पशुपति धोवी | गाउँपालिका | |
| ३३ | दलित/अल्पसंख्यक सदस्य | श्री भागमुनी वडही | गाउँपालिका | |
| ३४ | सदस्य सचिव | श्री कुलानन्द झा | गाउँपालिका | |

Scanned with CamScanner